कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१/०३/०२ गते स्वीकृत

# सहयोगापेक्षी मानव संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावनाः बेसहारा, घरपरिवारविहिन, परिवार र समाजबाट हेपिएका, अनाथ, अपाङ्गता भएका, जीवन संकटमा रहेका तथा मनोरोगी भएका व्यक्तिलाई उद्दार, स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, कानूनी उपचार, सीप तथा क्षमता विकास, पारिवारिक आवासीय सुविधा, पुनर्मिलन तथा पुनर्स्थापना सम्बन्धी सेवा प्रदान गरी सहयोगापेक्षी सडक मानवमुक्त कर्णाली प्रदेश घोषणालाई दीगो व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सहयोगापेक्षी मानव संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले शिक्षा विकास निर्देशनालय सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) "मनोरोगी" भन्नाले मानसिकरूपमा समस्या ग्रस्त व्यक्ति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "संरक्षण केन्द्र" भन्नाले मन्त्रालय र वीरेन्द्रनगर नगरपालिकाद्वारा स्थापित मानव सेवा आश्रममार्फत् सञ्चालन भएको प्रादेशिक सहयोगापेक्षी मानव संरक्षण केन्द्र सम्झनु पर्छ।

(च) "सहयोगापेक्षी" भन्नाले बेसहारा, घरपरिवारविहिन, परिवार र समाज बाट हेपिएका, अनाथ, अपाङ्गता भएका, जिवन संकटमा रहेका, मनोरोगी भई घरभित्र बन्धक भएका र आश्रयविहिन व्यक्ति सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका नगरपालिका तथा गाउँपालिका सम्झनु पर्छ।

३. कार्यकारी समितिः (१) सहयोगापेक्षी मानवको उद्धार, संरक्षण, व्यवस्थापन, समन्वय र सहजीकरण गर्न एक कार्यकारी समितिको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव, मन्त्रालय, -संयोजक

(ख) प्रमुख, प्रदेश अस्पताल -सदस्य

१ प्रदेश सचिव

प्रमुख सचिव

(ग) प्रमुख प्रशासकिय अधिकृत, वीरेन्द्रनगर नगरपालिका -सदस्य

(घ) अधिकृतस्तर प्रतिनिधि आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) अधिकृतस्तर प्रतिनिधि, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(च) अधिकृतस्तर प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(छ) प्रमुख, सामाजिक विकास महाशाखा -सदस्य-सचिव

(३) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार विषयविज्ञ तथा सरोकारवाला निकायलाई आमन्त्रण गर्न सकिनेछ।

(४) कार्यकारी समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ र आवश्यकता अनुसार अन्य बैठक समेत बस्न सक्नेछ।

(५) कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सहयोगापेक्षी मानव उद्दार कार्यको लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक निर्देशन दिने,

(ख) उद्दार गरिएका मानिसको संरक्षण र व्यवस्थापनका लागि संरक्षण केन्द्रलाई आवश्यक निर्देशन दिने,

(ग) संरक्षण केन्द्रको समग्र क्रियाकलापको अवस्था अध्ययन गरी अनुदान रकम वितरण सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(घ) सहयोगापेक्षी कार्य सञ्चालन गर्दा आईपरेका समस्या समाधान गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,

(ङ) संरक्षण केन्द्रको अनुगमन एवम् सुपरिवेक्षण गर्ने,

(च) आवश्यकता अनुसार अन्य कार्य गर्ने।

५. <u>उद्धार तथा व्यवस्थापन समितिः</u> (१) सहयोगापेक्षी मानव रहेको स्थानबाट उद्धार गरी संरक्षण केन्द्र सम्म पुऱ्याउन आवश्यक व्यवस्था मिलाउने र कार्यकारी समितिलाई सहयोग गर्न एक उद्धार तथा व्यवस्थापन समितिको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य



प्रदेश सचिव

प्रमुख सचिव

(ग) प्रमुख, सम्बन्धित स्थानीय तहको महिला तथा बालबालिका शाखा -सदस्य
(घ) प्रतिनिधि, सम्बन्धित क्षेत्रमा रहेको प्रहरी कार्यालय/चौकी -सदस्य
(ङ) प्रमुख, सहयोगापेक्षी मानव संरक्षण संरक्षण केन्द्र -सदस्य-सचिव

(३) उद्धार तथा व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उद्धार तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(५) उद्धार तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>उद्धार तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> उद्धार तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सहयोगापेक्षी मानवको उद्धार गर्ने,
(ख) उद्धार तथा व्यवस्थापन सम्बन्धमा भए गरेका निर्णय तथा निर्देशनको कार्यान्वयन गर्ने,
(ग) स्थानीय तह तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने,
(घ) कार्यकारी समितिले तोकेका अन्य कार्य गर्ने।

७. <u>संरक्षण केन्द्रको सेवाः</u> संरक्षण केन्द्रले देहाय बमोजिमको सेवा प्रवाह गर्नु पर्नेछः-

(क) सुरक्षित आवासको व्यवस्था,
(ख) स्वस्थ खाना तथा पोषणको व्यवस्था,
(ग) लत्ताकपडा र अन्य सामग्रीको व्यवस्था,
(घ) मनोसामाजिक परामर्शको व्यवस्था,
(ङ) स्वास्थ्य उपचार,
(च) कानूनी सहयोग तथा परामर्श,
(छ) शिक्षा, सीप तथा स्वरोजगारमूलक व्यवसायिक तालिम, क्षमता विकास,
(ज) उद्धार, पारिवारिक पुर्नमिलन तथा पुनर्स्थापना,
(झ) मनोरञ्जन, खेदकुद, योग, व्यायाम सञ्चालन।

८. <u>संरक्षण केन्द्र सञ्चालनको न्यूनतम शर्तः</u> (१) संरक्षण केन्द्र सञ्चालन गर्न देहाय बमोजिमको न्यूनतम शर्तसहितको संरचना हुनुपर्नेछः-

(क) लिङ्ग, उमेर, अवस्था, अनुसार अलग-अलग आवासीय सुविधा गृह,
(ख) आपत्कालिन उद्धार तथा पुनर्स्थापनाका लागि आफ्नै एम्बुलेन्स वा सवारी साधन,



प्रदेश सचिव

प्रमुख सचिव

(ग) अनुसूचीमा उल्लेख भए बमोजिमको जनशक्ति।

(२) संरक्षण केन्द्रले जनशक्तिको व्यवस्था स्वयम्सेवकबाट समेत गर्न सक्नेछ।

(३) सहयोगापेक्षी मानवको संरक्षण र सामाजिक पुनर्स्थापना गर्न सक्ने संस्थागत क्षमता भएको हुनु पर्नेछ।

(४) संरक्षण केन्द्र सञ्चालन गर्ने संस्था कानून बमोजिम दर्ता र नवीकरण भएको हुनु पर्नेछ।

९. <u>अनुदान निकासा प्रक्रिया:</u> (१) संरक्षण केन्द्रले त्रैमासिक रुपमा आश्रित व्यक्तिको नामनामेसी र संख्यात्मक विवरण सहित कार्यालयमा अनुदान निकासाका लागि निवेदन पेश गर्नु पर्नेछ।

(२) पहिलो त्रैमासिकको भुक्तानीका लागि निवेदनको साथमा स्थानीय तहको सिफारिस समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपश्चात निवेदन उपर आवश्यक जाचँबुझ गरी स्वीकृत बजेटको अधीनमा रही कार्यालयले संरक्षण केन्द्रसँग सम्झौता गरी रकम भुक्तानी गर्नु पर्नेछ।

(४) आश्रित व्यक्तिको संख्या र आश्रय अवधि बमोजिम अनुदान रकम भुक्तानी गरिनेछ।

(५) एक महिनाभन्दा घटिबढी दिनको हकमा दामासाही हिसाबले भुक्तानी गरिनेछ।

१०. <u>संरक्षण केन्द्र सञ्चालन अनुदान र खर्चको शर्त:</u> (१) अनुदान बापतको रकम देहाय बमोजिमको कार्य गर्नको लागि देहायमा उल्लिखित रकमको सिमा भित्र रही खर्च गर्नुपर्नेछः-

(क) सहयोगापेक्षी मानव उद्दार कार्यका लागि एक पटकमा बढीमा चार हजार,

(ख) संरक्षण केन्द्रमा रहेका सहयोगापेक्षी मानव पालन पोषण तथा व्यवस्थापनका खर्चका लागि मासिक प्रतिव्यक्ति तीन हजार,

(ग) पारिवारिक पुनर्मिलनका लागि दुई हजार।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम देहायको कार्यमा बाहेक अन्यत्र खर्च गर्न पाइने छैनः-

(क) संरक्षण केन्द्रमा आश्रित व्यक्तिको पालन पोषणका लागि खाद्यान्न, तरकारी फलफूल तथा लत्ताकपडा खरिद,

(ख) स्वास्थ्य उपचारका लागि सरकारी तथा सामुदायिक स्वास्थ्य संस्था र अस्पतालमा लागेको जाँचपड्ताल अनुसारको औषधी उपचार,

तर सरकारी स्वास्थ्य संस्थामा उपचार सम्भव नहुने भनी प्रचलित कानून बमोजिम अधिकार प्राप्त चिकित्सकको सिफारिसका आधारमा कार्यालयको पूर्व



प्रदेश सचिव

प्रमुख सचिव

स्वीकृति लिई पचास हजारसम्मको स्वास्थ्योपचार खर्च निजी स्वास्थ्य संस्थाबाट भुक्तानी गर्न बाधा पर्ने छैन,

(ग) पारिवारिक लेखाजोखा, परामर्श खर्च, मनोसामाजिक परामर्श,

(घ) मनोरञ्जन, खेलकुद, योग, व्यायाम सञ्चालन खर्च।

(३) प्रदेश सरकारले उपलब्ध गराएको अनुदान रकम दफा ७ विपरित खर्च गरेको पाइएमा खर्च गर्ने निकायबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

११. **स्रोत व्यवस्थापन:** (१) सहयोगापेक्षी मानवलाई संरक्षण तथा व्यवस्थापन देहाय बमोजिमको स्रोतबाट प्राप्त रकमबाट गरिनेछः-

(क) सहयोगापेक्षी मानवको संरक्षण क्षेत्रमा प्रदेश सरकारले सालबसाली रुपमा विनियोजन गरेको रकम,

(ख) स्थानीय तहले आवश्यकता र क्षमताका आधारमा विनियोजन गरेको कार्यक्रम लक्षित रकम,

(ग) संरक्षण केन्द्रले विभिन्न निकायबाट प्राप्त गरेको रकम।

(२) सहयोगापेक्षी मानव उद्दार कार्यको मुख्य जिम्मेवारी सम्बन्धित स्थानीय तह हुनेछ।

(३) पारिवारिक पुनर्मिलनको लागि मुख्य जिम्मेवार संरक्षण केन्द्र हुनेछ।

(४) संरक्षण केन्द्रले संघसंस्था, निजी संस्था, व्यक्ति तथा अन्य निकायहरूबाट सहयोग लिन सक्नेछ।

१२. **मन्त्रालयको भूमिका:** मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र सहयोगापेक्षी मानिसको पहिचान, उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि नीतिगत निर्णय गर्ने,

(ख) सहयोगापेक्षी मानवको संरक्षण र व्यवस्थापनका लागी भौतिक संरचना निर्माणमा समन्वय तथा सहयोग गर्ने,

(ग) आवश्यकता अनुरुप संरक्षण केन्द्रको अनुगमन तथा नियमन गरी आवश्यक निर्देशन दिने,

(घ) सहयोगापेक्षी सडक मानव मुक्त कर्णाली प्रदेश घोषणाको मर्म र दीगोपनाको लागि स्थानीय तह लगायत विकास साझेदारसँग समन्वय गर्ने।

१३. **संरक्षण केन्द्रको भूमिका:** संरक्षण केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) संरक्षण केन्द्रमा आश्रित व्यक्तिको व्यक्तिगत विवरण अद्यावधिक राख्ने,



प्रदेश सचिव

प्रमुख सचिव

(ख) संरक्षण केन्द्रमा आश्रित व्यक्तिमध्ये पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्स्थापना गर्ने र पारिवारिक पहिचान हुन नसकेका व्यक्तिको हकमा दीर्घकालिन व्यवस्थापन गर्ने,

(ग) संरक्षण केन्द्रले गरेका कार्यको मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन मन्त्रालय तथा कार्यालयमा पेश गर्ने,

(घ) वार्षिक बजेट, कार्यक्रम तथा प्रस्ताव तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

(ङ) संरक्षण केन्द्रमा प्राप्त सरकारी निकाय, संघसंस्था, व्यक्तिगत र अन्य स्रोतबाट प्राप्त सहयोगको अभिलेखीकरण गर्ने र सोको वार्षिक लेखापरिक्षण समेत गर्ने,

(च) स्थानीय तह र सरोरकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने।

१४. <u>लेखापरिक्षण</u>: (१) संरक्षण केन्द्रले वार्षिक लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ।

(२) संरक्षण केन्द्रले लेखापरिक्षण प्रतिवेदन लेखापरीक्षण भएको मितिले तीस दिनभित्र मन्त्रालय, कार्यालय र सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

१५. <u>गुनासो तथा उजुरी सम्बन्धी</u>: यस कार्यविधि बमोजिम अनुदानको उचित उपयोग नगरेको भनी उजुरी परेमा कार्यकारी समितिले अनुगमन गरी आवश्यक निर्देशन गर्नुपर्नेछ।

१६. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आईपरेमा मन्त्रालयले सो बाधा फुकाउन सक्नेछ।

प्रदेश सचिव

प्रमुख सचिव

## अनुसूची

(दफा ८ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

### जनशक्तिको विवरण

| क.सं. | पद | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १. | संरक्षण केन्द्र प्रमुख | एक जना | |
| २. | मनोविमर्शकर्ता | एक जना | |
| ३. | स्वास्थकर्मी | एक जना | |
| ४. | वार्डेन | एक जना | (चौबिस घण्टा सेवा प्रदान गर्नुपर्ने) |
| ५. | सुरक्षा गार्ड | दुई जना | (चौबिस घण्टा सेवा प्रदान गर्नुपर्ने) |
| ६. | सवारी चालक | एक जना | |
| ७. | भान्से | दुई जना | |
| ८. | सरसफाई सहयोगी | दुई जना | |